# साझा प्रकाशन
# प्रकाशन नियमावली, २०५९

**प्रस्तावना**

गोरखा भाषा प्रकाशिनी समितिबाट रूपान्तरित नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकारीका रूपमा भाषासाहित्य, कलासंस्कृति र शिक्षाको विकास र विस्तारमा महत्त्वपूर्ण सेवा पुऱ्याउने उद्देश्यले स्थापित साझा प्रकाशनले आफ्नो स्थापनाकालदेखि नै नेपाली वाङ्मयको विकास, विस्तार, संरक्षण र स्तरवृद्धिमा अथक प्रयास गरिरहेकामा लेखक, साहित्यकार, कलाकारहरूको साझा साझा प्रकाशनको प्रकाशन कार्यविधि चुस्त, दुरुस्त, स्तरीय र अझ सुव्यवस्थित बनाउनका लागि एक नियमावलीको आवश्यकता देखिएकाले 'साझा प्रकाशन, प्रकाशन नियमावली, २०५९' तर्जुमा गरी सञ्चालक समितिबाट स्वीकृत गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

(१) **संक्षिप्त नाम र प्रारम्भ**

१. यस नियमावलीको नाम साझा प्रकाशन, प्रकाशन नियमावली, २०५९ रहनेछ ।
२. यो नियमावली सञ्चालक समितिबाट पारित भएपछि तुरुन्त लागू हुनेछ ।

(२) **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

१. 'प्रकाशन' भन्नाले साझा प्रकाशन सहकारी संस्था लि. लाई जनाउनेछ ।
२. 'विभाग' भन्नाले साझा प्रकाशन, प्रकाशन विभागलाई जनाउनेछ ।
३. 'पाण्डुलिपि' भन्नाले मौलिक रूपमा वा अनुवाद गरी लेखिएको; साधारण टाइपबाट टङ्कण गरिएको; विद्युतीय उपकरणद्वारा टङ्कण गरिएको उपन्यास, कथा, कविता, निबन्ध-लेख, नाटक, समालोचना, कृषि, विज्ञान, समाजशास्त्र, शिक्षा, इतिहास संस्कृति, कला-साहित्य वा जुनसुकै विधा र विषयको पाण्डुलिपि भनी सम्झनुपर्नेछ ।
४. 'लेखक' भन्नाले जुनसुकै पाण्डुलिपि वा पुस्तकका लेखक, अनुवादक, यससँग सम्बन्धित सम्पादकहरूलाई बुझाउनेछ ।
५. 'पुनःप्रकाशन' भन्नाले यसअघि अन्य कुनै व्यक्ति वा सङ्गठित संस्थाबाट प्रकाशित भई यसपछि साझा प्रकाशनबाट प्रकाशन हुने पुस्तक सम्झनुपर्दछ ।
६. 'मूल्याङ्कन' भन्नाले विषयविशेषज्ञद्वारा विभिन्न कोणबाट पाण्डुलिपिको अध्ययन गर्ने कार्य सम्झनुपर्नेछ ।
७. 'ISBN' भन्नाले नेपालका लागि ISO (International Standards Organisation) को राष्ट्रिय एजेन्सीले पुस्तकका लागि उपलब्ध गराएको नम्बर सम्झनुपर्नेछ ।
८. 'प्रतिलिपिअधिकार' भन्नाले नेपालको प्रतिलिपिअधिकार ऐनले तोकेको अधिकार सम्झनुपर्नेछ ।



९. 'समिति' भन्नाले साझा प्रकाशन, सञ्चालक समितिलाई जनाउनेछ ।
१०. 'उपसमिति' भन्नाले सञ्चालक समितिबाट गठन हुने वा भएको पुस्तक छनोट उपसमितिलाई जनाउनेछ ।
११. 'मुद्रण' भन्नाले संस्थाभित्र वा बाहिरबाट सम्पन्न गरिने मुद्रणव्यवस्थालाई सम्झनुपर्नेछ ।
१२. 'प्राथमिक परीक्षण' भन्नाले संस्थाका तर्फबाट गरिने प्राप्त पाण्डुलिपिको अध्ययनलाई जनाउनेछ ।
१३. 'लेखकस्व' भन्नाले साझा प्रकाशनबाट पुस्तक प्रकाशित भएबापत लेखक वा निजका नजिकका हकदारले पाउने पारिश्रमिक भनी सम्झनुपर्नेछ ।
१४. 'पुनःमुद्रण' भन्नाले साझा प्रकाशनबाट प्रकाशित पुस्तकहरूको अर्को संस्करण सम्झनुपर्नेछ ।

**परिच्छेद २**

**उद्देश्य**

यस नियमावलीका निम्नलिखित उद्देश्य हुनेछन्–

१. यस प्रकाशनसंस्थाबाट प्रकाशित हुने पुस्तकहरूको स्तरीकरण गर्ने ।
२. पाण्डुलिपिको मूल्याङ्कन, आन्तरिक व्यवस्थापन, मुद्रण, उत्पादन र बिक्रीवितरणप्रक्रियालाई सुव्यवस्थित पार्ने र
३. प्रकाशनसम्बन्धी उत्कृष्टताका लागि आधिकारिक कार्य सम्पन्न गर्ने ।

**परिच्छेद-३**

**पाण्डुलिपि दर्ताप्रणाली**

१. लेखकले साझा प्रकाशनबाट प्रकाशन गर्ने मनसायको निवेदनसहित महाप्रबन्धकसमक्ष आधिकारिक पाण्डुलिपि पेस गर्नुपर्नेछ ।
२. जुनसुकै विधा वा विषयको पाण्डुलिपि भए पनि फुलस्केप अथवा A4 साइजको कागजमा आवश्यक मार्जिन छोडी एकापट्टि मात्र स्पष्ट बुझिने अक्षरमा हस्तलिखित वा साधारण टाइपद्वारा टङ्कित वा कम्प्युटरद्वारा मुद्रित हुनुपर्नेछ ।
३. पाण्डुलिपिको कुनै अंश पत्रपत्रिका वा अन्य सामग्रीमा पूर्वप्रकाशित भएको भए सोको कटिङ वा टाँसी बनाइएको पाण्डुलिपि स्वीकार्य हुने छैन ।
४. पूर्वप्रकाशित सामग्रीहरूका हकमा बेग्लै पानामा प्रकाशन सन्दर्भसामग्रीसूची राखेको हुनुपर्नेछ ।
५. भाषिक वा व्याकरणगत अशुद्धि भएको, केरमेट भएको, पुनःसम्पादन गर्न अत्यावश्यक भएको, अस्पष्ट, अधुरो, पृष्ठसङ्ख्या निश्चित नभएको पाण्डुलिपि दर्ता गरिने छैन ।
६. लेखकले पाण्डुलिपिको एक प्रति आफैँसँग सुरक्षित राख्नुपर्नेछ ।
७. दर्ता गर्न स्वीकृत पाण्डुलिपि मात्र विभागमा दर्ता हुनेछ ।
८. पाण्डुलिपि दर्ता गर्दा विभागले लेखक तथा पाण्डुलिपिको सम्पूर्ण विवरण भएको फारम (अनुसूची १) भरी-भराई मितिसहितको दर्तानम्बर लेखकलाई उपलब्ध

गराउनुपर्नेछ ।

९. यसरी दर्ता भएको पाण्डुलिपिलाई विभागले यसै नियमावलीको अधीनमा रही प्रक्रियामा राख्नुपर्नेछ ।

१०. पुनःप्रकाशनको हकमा पहिले संस्थागत वा व्यक्तिगत रूपमा अन्यत्रबाट प्रकाशित पुस्तक प्रकाशनबाट पुनःप्रकाशन वा मुद्रण गराउन माथि परिच्छेद ३ को दफा १ अनुसार दर्ता हुनेछ । यस्तो पुस्तक दर्ता गर्दा संशोधन भए आधिकारिक संशोधनसहित पूर्वप्रकाशक र लेखकको स्वीकृतिपत्र अनिवार्य हुनेछ ।

## परिच्छेद–४
## प्राथमिक परीक्षण

१. विभागमा दर्ता भएका सम्पूर्ण पाण्डुलिपि संस्थाका तर्फबाट उपसमितिले तोकेअनुसार पाण्डुलिपिको विधागत स्तर, सान्दर्भिकता, बजार, पाठकीय रुचि, पाण्डुलिपिको अवस्था (आधिकारिकता, भाषिक-व्याकरणगत शुद्धाशुद्धि, प्रस्तुति, ढाँचा आदि) का आधारमा अनिवार्य प्राथमिक परीक्षण गरिनेछ र यस्तो प्रतिवेदन गोप्य रहनेछ ।

२. यसरी परीक्षण गरी प्राप्त सुझावसहितको विवरणमाथि पुस्तक छनोट उपसमितिमा छलफल गरी विषयविशेषज्ञद्वारा मूल्याङ्कन गराउनुपरे मूल्याङ्कनका निम्ति विषयविशेषज्ञकहाँ पठाइनेछ तथा पाण्डुलिपिमा आवश्यक सुधार गर्नुपरे वा पाण्डुलिपि फिर्ता गर्नुपरे लेखकसँग सम्पर्क गरी आवश्यक प्रक्रियालाई अघि बढाइनेछ ।

३. प्राथमिक परीक्षण साधारणतया वर्षभरिमा त्रैमासिक रूपले चार पटक हुनेछ । त्रैमासिक भन्नाले वैशाख, जेठ र असार; साउन, भदौ र असोज; कात्तिक, मङ्सिर र पुस तथा माघ, फागुन र चैत बुझ्नुपर्नेछ ।

४. यस कार्यको पारिश्रमिक उपसमितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद–५
## विषयविशेषज्ञद्वारा मूल्याङ्कन

१. परिच्छेद ३ बमोजिम विभागमा प्राप्त भई परिच्छेद ४ बमोजिमको प्रक्रिया पुगेको पाण्डुलिपि विधा र क्षेत्रका आधारमा विशेषज्ञ-वरिष्ठ विद्वान्‌समक्ष अन्तिम मूल्याङ्कनका लागि पठाइनेछ ।

२. विषयविशेषज्ञद्वारा मूल्याङ्कनका विभिन्न आधार (पाण्डुलिपिको विषयगत स्तर र क्षेत्रगत आवश्यकता, साहित्यिकसांस्कृतिक महत्त्व, व्यापारिक वा व्यावसायिक महत्त्व, पाठकीय अभिरुचि, पाठ्यक्रममा रहने सम्भाव्यता, भाषिक वा व्याकरणगत शुद्धाशुद्धि, कुनै वर्ग, क्षेत्र वा समुदायमाथिको आक्षेप भए-नभएको, प्राथमिकता, सबल र कमजोर पक्षहरू आदि) मा पाण्डुलिपिको मूल्याङ्कन गरी प्रकाशनसम्बन्धी निष्कर्ष र सुझावसहित तयार गरिएको प्रतिवेदन विभागसमक्ष प्राप्त हुनेछ ।

३. मूल्याङ्कन प्रतिवेदन गोप्य रहनेछ ।

४. यस कार्यका लागि पारिश्रमिक संस्थाले व्यवस्था गरेबमोजिम हुनेछ ।



५. विषयविशेषज्ञको सूची उपसमितिले तयार गर्नेछ र सोही सूचीबमोजिम सम्बन्धित विषयविशेषज्ञसमक्ष पाण्डुलिपि मूल्याङ्कन गर्न प्रेषित गरिनेछ ।

६. यस्तो सूची प्रत्येक वर्षको पहिलो त्रैमासिक अवधिमा पुनरावलोकन गरिनेछ ।

## परिच्छेद–६
## पुस्तक छनोट उपसमितिद्वारा अध्ययन र अन्तिम निर्णय

१. संस्थाको सञ्चालक समितिअन्तर्गत बढीमा पाँच जनाको एक पुस्तक छनोट उपसमिति रहनेछ ।

२. यस उपसमितिको सदस्यमा महाप्रबन्धकलगायत सञ्चालकहरू-मध्येबाट तीन जना रहनेछन् ।

३. परिच्छेद ४ र ५ का आधारमा तयार गरेको निष्कर्ष र सुझावसहितको विवरण पुस्तक छनोट उपसमितिमा पेस भई संस्थाको दायित्व, आर्थिक अवस्था र तत्परता, कृतिगत आवश्यकता, क्षमता, स्तर, प्रचुरता र अभावपूर्ति आदिका आधारमा व्यापक छलफलद्वारा पाण्डुलिपि प्रकाशित गर्ने-नगर्ने भन्नेबारे निर्णय गरिनेछ । तर परिच्छेद १३ का पाण्डुलिपिहरूका हकमा यो नियम अनिवार्य हुने छैन ।

४. विषयविशेषज्ञद्वारा मूल्याङ्कन गराइँदा सामान्य स्तरका, कमजोर तथा व्यापारिक महत्त्व नभएका भनी प्रतिवेदन प्राप्त कृतिलाई उपसमितिले प्रकाशनका लागि निर्णय गर्ने छैन ।

५. यसरी परिच्छेद ४ र ५ को विवरणसहितको प्रतिवेदनबमोजिम परिच्छेद ६ को दफा ३ अनुसार निर्णय भएका पाण्डुलिपिमध्ये प्रकाशन हुन नसक्ने पाण्डुलिपिका लेखकसँग सम्पर्क गरी परिच्छेद १४ अनुसार पाण्डुलिपि फिर्ता गरिनेछ र प्रकाशन हुने पाण्डुलिपि मुद्रणप्रयोजनको प्रक्रियामा अघि बढाइनेछ ।

६. उपसमितिको निर्णय प्रत्येक ६।६ महिनामा जानकारीका लागि सञ्चालक समितिसमक्ष पेस गरिनेछ ।

## परिच्छेद–७
## सम्झौताविधि

१. मुद्रणकार्य लेखक र संस्थाबीच प्रकाशन गर्ने सम्झौता भएपछि मात्र सुरु हुनेछ ।

२. यसरी सम्झौता गर्दा यसै नियमावलीको अनुसूची २ बमोजिम फारम भरी संस्थाको नीतिअनुसार लेखकस्व निर्धारण, प्रकाशनाधिकार, प्रतिलिपि अधिकार, सर्वाधिकार, छापिने समयावधि, लेखक-प्रति आदिबारे स्पष्ट व्यवस्था हुनेछ । अनुसूचीमा समयानुकूल परिवर्तन हुन सक्नेछ ।

३. केही गरी सम्झौता हुन नसकेमा उक्त पाण्डुलिपिको प्रकाशन आउँदा वर्षहरूमा सर्नेछ ।

४. प्रकाशित वा पुनर्मुद्रण हुने सम्पूर्ण पुस्तकहरूको छापिने सङ्ख्या आवश्यकताअनुसार व्यवस्थापनले निर्धारण गर्नेछ । लेखकप्रति, पुस्तकसमीक्षा, पुरस्कार प्रयोजन, उपहार, विज्ञापन आदिका लागि १०० प्रति छुट्टयाई बाँकी पुस्तकमा लेखकले सम्झौताअनुसार लेखकस्व पाउनेछन् ।

## परिच्छेद–८
## मुद्रणव्यवस्था

१. मुद्रणकार्यका सम्बन्धमा संस्थाले नै पूर्ण रूपमा निर्णय गर्नेछ ।
२. पाण्डुलिपिको अवस्था, आवश्यकता, संस्थागत क्षमता, महत्त्व आदिका आधारमा मुद्रणव्यवस्थाको तर्जुमा गरिनेछ ।
३. मुद्रणकार्य संस्थाले सकेसम्म आफ्नै छापाखानाद्वारा गराउनेछ । छपाइ दररेट संस्थाले तोकेबमोजिम हुनेछ ।
४. संस्थाबाट प्रकाशित गरिने कृति कम्तीमा ११०० प्रति छापिनेछ ।

## परिच्छेद–९
## मूल्यनिर्धारण, ISBN, प्रतिलिपिअधिकार

१. मुद्रणप्रक्रियाको अन्त्यमा अनुसूची ३ बमोजिम पुस्तकको मूल्यनिर्धारण गरिनेछ । मूल्यनिर्धारणकार्य पारदर्शी हुनेछ ।
२. प्रत्येक पुस्तकमा ISBN (International Standard Book Number) अनिवार्य रहनेछ । ISBN नेपालका लागि ISO (International Standards Organisation) को राष्ट्रिय एजेन्सीद्वारा उपलब्ध गराएबमोजिम हुनेछ ।
   क. ISBN Manual अनुसार साधारणतया पुस्तक पुनःमुद्रण हुँदा मूल्य परिवर्तन हुँदैमा ISBN परिवर्तन हुँदैन ।
   ख. संशोधन नभए पनि पृष्ठसङ्ख्या, आवरण (सामान्य र विशेष अथवा पातलो र बाक्लो), आकार आदि परिवर्तन भएमा ISBN स्वतः परिवर्तन हुनेछ ।
   ग. पुस्तकको केही अंश मात्र परिवर्तन भए पनि ISBN परिवर्तन हुनेछ ।
   घ. पुस्तकको शीर्षक परिवर्तन भएमा ISBN परिवर्तन हुनेछ ।
३. ISBN को नियममा नै परिवर्तन भएमा सोहीअनुसार हुनेछ ।
४. श्री ५ को सरकारद्वारा प्रतिलिपिअधिकार ऐनले तोकेबमोजिम कृतिको प्रतिलिपिअधिकार कायम हुनेछ । पुस्तकको महत्त्व, गहनता, आवश्यकता, पाठ्यपुस्तकका रूपमा रहने सम्भाव्यता आदिका आधारमा प्रतिलिपिअधिकार दर्ता हुनेछ ।
५. लेखक र प्रकाशकको आपसी सहमति भएमा एकमुस्ट पारिश्रमिक भुक्तान गरी पुस्तकको प्रतिलिपिअधिकार संस्थाले लिन सक्नेछ ।

## परिच्छेद–१०
## भाषासम्पादन तथा प्रुफसंशोधन

१. परम्परा, प्रचलित व्याकरण, प्रामाणिक शब्दकोशका आधारमा संस्थाले प्रकाशन गर्ने पुस्तकको भाषासम्पादन तथा प्रुफसंशोधनको पूर्ण अधिकार संस्थामा नै निहित हुनेछ ।
२. यस प्रयोजनका लागि संस्थाले छुट्टै निर्देशिका तयार पारी प्रचलनमा ल्याउन सक्नेछ ।



## परिच्छेद–११
## कृतिको पुनर्मुद्रण र पुनर्प्रकाशनबारे

१. व्यापार प्रवर्द्धन विभागद्वारा सिफारिस भई आएपछि प्रकाशन विभागले संस्थाप्रमुखको स्वीकृतिमा पुस्तक पुनःमुद्रणको व्यवस्था मिलाउनेछ ।
२. पुनःमुद्रण गर्दा पुस्तकमा सुधार र संशोधन हुने-नहुनेबारे लेखकसँग सम्पर्क गरिनेछ ।
३. पुस्तकलाई सकेसम्म अद्यावधिक र आधिकारिक रूपमा पुनःमुद्रण गरिनेछ । पाठ्यपुस्तक भए चालू पाठ्यक्रमअनुसार अद्यावधिक गराइनेछ ।
४. पहिलो प्रकाशन भएको दस वर्षसम्म पनि १००० प्रति पुस्तक बिक्री हुन नसकेको स्थिति देखिएमा त्यस्तो पुस्तक पुनःमुद्रण गर्न संस्था बाध्य हुने छैन र त्यस्ता कृतिलाई लेखकले अरू नै कुनै प्रकाशनसंस्थाद्वारा प्रकाशित गराउने अनुमति मागेमा उपसमितिको निर्णयमा संस्थाप्रमुखले लिखित अनुमति दिन सक्नेछ ।
५. पुनर्प्रकाशनका निम्ति प्राप्त कृति उपयोगिता, व्यावसायिक महत्त्व र आवश्यकतालाई दृष्टिगत गरी प्रकाशन गरिनेछ ।
६. यसरी पुनर्प्रकाशनका लागि पेस गरिने कृतिका लेखक र प्रकाशक दुवैको स्वीकृतिपत्र हुनु जरुरी छ ।
७. बजारमा अभाव रहेका कृतिहरू मात्र पुनर्प्रकाशन गरिनेछन् ।

## परिच्छेद–१२
## पुरस्कार–प्रयोजन

१. प्रकाशनबाट प्रकाशित सम्पूर्ण कृतिहरू साझा पुरस्कार, लोकसाहित्य पुरस्कार, साझा बालसाहित्य पुरस्कार र मदन पुरस्कार गुठीद्वारा दिइने मदन पुरस्कारका लागि लेखकको स्वीकृति लिई संस्थाले सम्बन्धित संस्थामा पेस गर्नेछ ।
२. अन्य पुरस्कार-प्रयोजनका लागि भने लेखकले आफ्नै तर्फबाट कृतिहरू पेस गर्नुपर्नेछ ।

## परिच्छेद–१३
## पाठ्यक्रम, प्रयोजन तथा सांस्कृतिक आदानप्रदानसम्बन्धी पाण्डुलिपि व्यवस्था

१. संस्थाले आवश्यकता, अभावपूर्ति, महत्त्व, योगदान आदिका आधारमा पाण्डुलिपि तयार गर्न, अनुवाद गर्न वा सम्पादन गर्न सम्बन्धित क्षेत्रका अध्येता-शोधकर्ता-विशेषज्ञ-विद्वान्लाई अनुरोध गर्न सक्नेछ ।
२. यस्ता पाण्डुलिपि विशेष परिवेश र परिस्थितिमा तयार गरिने हुँदा यस नियमावलीका केही दफा लागू नहुन सक्छन् तर परिच्छेद ४ को दफा १ अनिवार्य हुनेछ ।
३. विभिन्न विद्यालय तथा विश्वविद्यालयका सम्बन्धित निकाय सँगको सम्झौता, सहमति र सहभागितामा तयार पारिएका एवं संस्थाले आवश्यक ठानेमा पाठ्यक्रमसँग सम्बद्ध भनी आधिकारिक निकायद्वारा सिफारिसप्राप्त अन्य पाण्डुलिपिहरूबारे उपसमितिले सोझै निर्णय गर्न सक्नेछ ।

४. स्वदेश तथा विदेशका सङ्घसंस्थाहरूसँग व्यावसायिक, सांस्कृतिक आदानप्रदानको सम्झौता भई आर्थिक दायित्वसमेतमा सहभागिता रहने अवस्थामा प्राप्त पाण्डुलिपिको प्रकाशन गर्न उपसमितिले सोझै निर्णय गर्न सक्नेछ ।

## परिच्छेद–१४
## पाण्डुलिपिबारे लेखकलाई सूचित गर्ने व्यवस्था

१. संस्थाले यस नियमावलीअनुसार प्रकाशन गर्न असमर्थ भएका अस्वीकृत पाण्डुलिपिहरूबारे लेखकलाई तीन महिनाभित्र पाण्डुलिपि फिर्ता लैजाने सूचना गर्नेछ ।
२. आवश्यकता परे यसै प्रयोजनका लागि सार्वजनिक सञ्चार माध्यममार्फत सूचनासमेत गर्न सकिनेछ ।
३. उपर्युक्त दफा १ र २ अनुसार सूचना गर्दा पनि पाण्डुलिपि लिन नआउने लेखकका पाण्डुलिपिबारे संस्था जिम्मेवार हुने छैन ।
४. प्रकाशनमा दर्ता भएका पाण्डुलिपि प्रकाशन हुने वा नहुने सूचना विभागमा पाण्डुलिपि दर्ता भएको एक वर्षभित्र लेखकलाई दिइनेछ ।

## परिच्छेद–१५
## अनुसूची, नियमावलीको संशोधन, व्याख्या र बाधा–फुकाउ

१. अनुसूचीहरूको ढाँचा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।
२. यस नियमावलीको संशोधन सञ्चालक समितिले गर्नेछ ।
३. नियमावलीमा स्पष्ट नभएका कुराहरू वा अस्पष्ट कुराको अन्तिम व्याख्या सञ्चालक समितिले गर्नेछ ।
४. नियमावलीमा उल्लिखित कुनै पनि कुरा संस्थाको विनियम अथवा श्री ५ को सरकारको प्रचलित ऐनका कुनै दफा वा उपदफासँग बाझिएमा बाझिएको हदसम्म निष्क्रिय हुनेछन् ।
५. यो नियमावली लागू गर्न अथवा नियमावलीमा कुनै बाधा अड्काउ हुन गएमा बाधाअड्काउको फुकाउ सञ्चालक समितिले गर्नेछ ।



## अनुसूची १
## साझा प्रकाशन
## केन्द्रीय कार्यालय, पुलचोक
## पाण्डुलिपि दर्ताफारम

पाण्डुलिपिको शीर्षक :
पाण्डुलिपिको अवस्था र आकार :
विधा वा विषय :
पाण्डुलिपि बुझाएको मिति : पृष्ठ
लेखकको नाम :
लेखकको जन्ममिति :
जन्मस्थान :
स्थायी ठेगाना :
अस्थायी ठेगाना :
फोन नं. : घरको……… कार्यालयको …….. सम्पर्क फोन …….
शिक्षा :
पेसा :
प्रकाशित कृति र प्रकाशकको नाम

…………
…………
…………

अन्य केही भए :
(क) मेरो एक प्रति फोटो यसमा संलग्न छ ।
(ख) यस पाण्डुलिपिको एक प्रति मसित सुरक्षित छ ।
(ग) कुनै कारणले संस्थाले पाण्डुलिपि फिर्ता दिन चाहेमा जुनसुकै बेला पनि फिर्ता लिन मेरो मन्जुरी छ ।

सही
मिति :

## अनुसूची २

# सम्झौतापत्र

साझा प्रकाशन र ............................................ शीर्षक पुस्तकका लेखक-अनुवादक श्री........................................ बीच उक्त पुस्तक प्रकाशनार्थ तपसिलबमोजिमका दफाहरूमा सहमति भई यो सम्झौता गरिएको छ ।

१. साझा प्रकाशनको नियमानुसार........... (.....) प्रतिशतका दरले लेखकले लेखकस्व पाउनेछन् ।
२. उपरोक्त पुस्तकको सर्वाधिकार लेखक र प्रकाशकमा रहनेछ । तर यस पुस्तकको प्रकाशन गर्ने अधिकार साझा प्रकाशनमा मात्र निहित रहनेछ ।
३. सम्झौताअनुसार साझा प्रकाशनले यो पुस्तक प्रकाशन गरुन्जेल र लेखकलाई नियमानुसार रायल्टी दिइआउन्जेल लेखकले अरू कसैलाई प्रकाशन गर्न दिन वा आफैँले समेत प्रकाशन गर्न पाउने छैनन् ।
४. पुस्तक जतिसुकै सङ्ख्यामा छापिए पनि कुल रायल्टी रु. ५०००।- (पाँच हजार) सम्म मात्र पाउनेमा लेखकले रायल्टीको पूरै रकम नगदमा सुरुमै (पुस्तक प्रकाशित भएको एक महिनाभित्र) भुक्तानी पाउनेछन् । कुल रायल्टी रु. ५०००।- (पाँच हजार) भन्दा बढी पाउने भएमा ५०० प्रति पुस्तकको रायल्टी सुरुमै नगदमा पाउनेछन् भने लेखकले चाहेमा सम्पूर्ण पुस्तकको रायल्टी सोही पुस्तकको रूपमा सुरुमै एकै पटक लिन सक्नेछन् तर यसरी पुस्तकको रूपमा नलिएमा बाँकी पुस्तकको रायल्टी बिक्रीको आधारमा अर्को आर्थिक वर्षको सुरुमा पाउनेछन् ।
५. लेखकले पाउने कुल रायल्टी रकमको प्रत्येक संस्करणको २० (बीस) प्रतिशतले लेखक संस्थाको शेयरको अंशियार बन्नेछन् ।
६. समीक्षा, उपहार, अभिलेख, नोक्सानी आदिका लागि छुट्ट्याइने १०० प्रति मुद्रित पुस्तकको रायल्टी लेखकले पाउने छैनन् ।
७. पुस्तक मुद्रित भई आएपछि लेखकले सात थान पुस्तक लेखक-प्रतिका रूपमा पाउनेछन् ।
८. प्रकाशकले सन्तोषजनक बिक्री भई अघिल्लो संस्करण सकिएको एक वर्षभित्र अर्को संस्करण प्रकाशन गर्ने व्यवस्था मिलाउनेछ । सो नमिलाए प्रकाशकको स्वीकृति लिई लेखकले नै पुस्तक प्रकाशन गर्न सक्नेछन् ।
९. पुस्तक कुन प्रविधिबाट छाप्ने त्यसको निर्णय साझा प्रकाशनले गर्नेछ ।
१०. पुस्तक कुनै पुरस्कारका लागि समावेश गर्न सकिने-नसकिने छ ।
११. परम्परा, प्रचलित व्याकरण, प्रामाणिक शब्दकोशका आधारमा पुस्तकको भाषासम्पादन तथा प्रुफसंशोधनको पूर्ण अधिकार साझा प्रकाशनमा रहनेछ ।
१२. पुस्तक........................ सम्ममा प्रकाशित गर्ने व्यवस्था मिलाइनेछ ।

| **लेखक** | **साझा प्रकाशनका तर्फबाट** |
|---|---|
| ......... .......... | |
| पूरा नाम :- | नाम :- |
| ठेगाना :- | पद :- |
| फोन :- | विभाग :- |
| मिति :- | मिति :- |



## अनुसूची ३

# पुस्तकको मूल्यनिर्धारण फारम

**प्रेसले भर्नुपर्ने**

पुस्तकको नाम........................................ संस्करण.......... लेखक..................................
छापिएको सङ्ख्या.............. आकार......... फर्मा.............. पेज.......... भित्री कागज..........
रिम........... ताउ-कभर कागज................. रिम-ग्रस.......ताउ
भित्री छपाइ प्रोसेसिङ.......................................
भित्री छपाइ...........................................
कभर छपाइ प्रोसेसिङ.................................
कभर छपाइ ...........................................
प्रुफसंशोधन............................................
बाइन्डिङ................................................
कम्प्युटर टाइप सेटिङ...............................
लेमिनेसन..............................................
पोस्टिङ...................................................
१..................
२..................
३..................
प्रेसको छाप ............
छापाखानाको तर्फबाट

**साझा प्रकाशनले भर्नुपर्ने**

| | | | |
|---|---|---|---|
| १. | माथि लेखिएबमोजिमको छपाइखर्च | | रु...... |
| २. | भित्री कागज...... रिम...... ताउ | दर रु.. ले | रु...... |
| ३. | कभर कागज...... रिम-ग्रस. ताउ | दर रु.. ले | रु...... |
| ४. | ब्लक तथा डिजाइन | | रु...... |
| १. | रायल्टी.... %ले | | |
| २. | ढुवानी.... %ले | | |
| ३. | पुस्तक बिक्रेतालाई कमिसन... %ले | | |
| - | ओभरहेड खर्च ..... %ले | | |
| - | लेखक उपकारकोष... १%ले | | |
| | | कुल खर्च | रु...... |

निर्धारित मूल्य रु. ........... प्रति एकको अक्षरेपि रु...........................

| तयार गर्ने | स्वीकृत गर्ने |
|---|---|
| ...... ...... | |
| नाम : | नाम : |
| पद : | पद : |

---

श्री..........................
............................................... शीर्षक पुस्तकको मूल्य..... अक्षरेपि रु. ..................... कायम गरिएकाले सूचित गरिन्छ ।

**साझा प्रकाशन**